# प्रदेश सभा

# सामाजिक विकास समिति

# वार्षिक प्रतिवेदन

आ.व.२०७६/२०७७



## प्रदेश सभा

## सामाजिक विकास समितिको सचिवालय

## कर्णाली प्रदेश

## वीरेन्द्रनगर, सुर्खेत

# सामाजिक विकास समितिका माननीय सदस्यहरू



**मा.देवी ओली**
**अध्यक्ष**



**मा.राजु नेपाली**
**पूर्व अध्यक्ष**



**मा.कृष्णा शाह आचार्य**
**सदस्य**



**मा.कौशिलावती खत्री**
**सदस्य**



**मा.ठम्मर बहादुर विष्ट**
**सदस्य**



**मा.पद्मा खड्का**
**सदस्य**



**मा.यज्ञबहादुर खत्री**
**सदस्य**



**मा.रातो कामी**
**सदस्य**



**मा.सुशीलकुमार थापा**
**सदस्य**

## सामाजिक विकास समितिमा रहनु भएका माननीयज्यूहरू

| क्र.सं. | माननीय सदस्यहरुको नाम | पद | मोवाइल नम्वर |
|---|---|---|---|
| १ | मा. देवी ओली | अध्यक्ष | ९८४३४८८२९७ |
| २ | मा. कृष्णा शाह (आचार्य) | सदस्य | ९८५१२५२३३३ |
| ३ | मा. कौशिलावती खत्री | सदस्य | ९८५८०७०१९१ |
| ४ | मा. ठम्मर बहादुर विष्ट | सदस्य | ९८४८१९०१२१ |
| ५ | मा. पद्मा खड्का | सदस्य | ९८५८०५२१०१ |
| ६ | मा. यज्ञबहादुर वि.सी. | सदस्य | ९७४८०२४६६१ |
| ७ | मा. रातो कामी | सदस्य | ९८५७८२४२७९ |
| ८ | मा. सुशील कुमार थापा | सदस्य | ९८५८०५००७३ |

| समिति सचिवालयमा कार्यरत कर्मचारीहरू | | | |
|---|---|---|---|
| १ | समिति सचिव | राजेन्द्र पौडेल | ९८४८०२५५०४ |
| २ | सहायक स्तर पाँचौ | खड्क बहादुर दमाई | ९८६८२९६०५३ |
| ३ | सहायक स्तर चौथो | प्रकाश पौडेल | ९८४८१६०७२२ |
| ४ | कार्यालय सहयोगी | गणेश प्रसाद देवकोटा | ९८४८०४१८२२ |

# विषयसूची


| क्र.सं. | विषय | पेज नम्वर |
| --- | --- | --- |
| १ | परिचय | १ |
| २ | समितिको गठन प्रक्रिया | १ |
| ३ | समितिको काम, कर्तव्य र अधिकार | २ |
| ४ | समितिको कार्य क्षेत्र | ३ |
| ५ | क. सामाजिक विकास मन्त्रालय | ३ |
| ६ | ख. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | ६ |
| ७ | समितिले गरेका हालसम्मका काम कारवाही तथा निर्णयहरू | ७ |
| ८ | समितिमा दफाबार छलफल भई पारित भएका विधेयकहरू | १३ |
| ९ | माननीयज्यूहरूको समिति बैठकमा उपस्थिति विवरण | १९ |
| १० | समितिमा दफावार छलफल भई पारित भएका विधेयकहरूको विवरण | १९ |
| ११ | समितिले सञ्चालन गरेका केही कार्यक्रमहरू | २० |
| १२ | समितिले भोग्नु परेका समस्या र समाधानका उपायहरू | २४ |
| १३ | उपसंहार | २४ |

## सामाजिक विकास समितिका अध्यक्षज्यूको कर्णाली प्रदेश सभामा समितिको वार्षिक प्रतिवेदन प्रस्तुती मन्तव्य

**सभामुख महोदय,**

मुलुकमा जन आन्दोलन र सशस्त्र संघर्षबाट स्थापित संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यबस्थाको माध्यमद्वारा समाजमा शान्ति सुव्यवस्था कायम गर्न, विकास र समृद्धिको आकांक्षा पूरा गर्न प्रदेश सभाबाट विभिन्न नीति, ऐन, कानून निर्माणमा प्रदेश सभा व्यवस्थापिका संसदको महत्व, जिम्मेवारी, दायित्व र भूमिका रहेको बारेमा हामी सबै परिचित नै छौं । अन्तर्राष्ट्रिय संसदीय मूल्य मान्यता र अभ्यास, नेपालको संविधान २०७२ को मर्म र भावना अनुसार निर्माण भएका संघीय कानूनहरूको परिधिमा रही प्रदेश सञ्चालनका लागि आवश्यक कानून निर्माण गर्ने, कानून बमोजिम सुशासन, पारदर्शिता तथा जवाफदेहीताका लागि सरकारलाई निर्देशन दिने, नियन्त्रण गर्ने, जनता र सरकारबीचको सम्बन्धलाई कानूनी रूपमा जीबित राख्ने माध्ययमको रूपमा कार्यरत प्रदेश व्यबस्थापिका संसदको आफ्नो छुट्टै भूमिका र महत्व रहेको सर्व विदितै छ । जनताका आधारभूत आवश्यकताहरू सुलभ र छरितो ढंगबाट परिपूर्ति गराउन पनि संसदीय समितिको भूमिका उत्तिकै महत्वपूर्ण रहेको छ ।

त्यसैले संसदको सक्षमता, जागरूकता, कार्यकुशलता र कार्य सम्पादनलाई राज्यका सबै निकाय र नागरिकहरूले गहिरो गरी नियाली रहेका हुन्छन् । संसदको उद्देश्य र कामलाई सफल पार्नको लागि संवैधानिक र कानूनी व्यवस्था अनुसारको परिधिभित्र रही एउटा छुट्टै व्यवस्थापिका संसदको गठन र सञ्चालन प्रक्रिया विश्वभरीका मुलुकहरूमा प्रचलित रहेको पाइन्छ ।

नेपालको सन्दर्भमा पनि हेर्ने हो भने केन्द्रमा संघीय संसद र प्रदेशहरूमा व्यवस्थापिका संसदको रूपमा प्रदेशसभाहरू रहेकाछन् । यसै गरी प्रदेश सभाको कामकारवाही सञ्चालन र व्यवस्थापनको लागि सचिवालयको स्थापना भई सञ्चालन हुँदै आएको छ । प्रदेश सभाको कामवारवाही व्यवस्थित र प्रभावकारी रूपमा सम्पादन गर्न सहयोग पुऱ्याउन कर्णाली प्रदेशको प्रदेश सभा नियमावलीको परिच्छेद १९ को नियम १४५ बमोजिम यस सभामा ४ वटा विषयगत समितिहरू गठन भएको सर्वविदितै छ ।

ती समितिहरू मध्य सामाजिक विकास समिति एक महत्वपूर्ण समिति हो । सभाबाट समितिमा दफावार छलफलको लागि प्राप्त भएका विधेयकहरूलाई परिमार्जन गरी परिस्कृत गर्नुका साथै सभाका अन्य कार्यहरूलाई व्यवस्थित र प्रभावकारी रूपमा सम्पादन गर्न, प्रदेशका काम कारवाहीप्रति सभाका सदस्यज्यूहरूलाई क्रियाशील, जिम्मेवार तुल्याउन र सरकारलाई जनताप्रति उत्तरदायी बनाउन यो समितिको महत्वपूर्ण भूमिका रहेको छ ।

**सभामुख महोदय,**

कर्णाली प्रदेश, प्रदेश सभा नियमावलीको परिच्छेद १९ को नियम १४५ बमोजिम गठित यस समितिमा हाल ८ जना माननीय सदस्यज्यूहरू रहनु भएको छ । यस समितिको क्षेत्रभित्र सामाजिक विकास मन्त्रालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, श्रम, सामाजिक न्याय र मानव अधिकारसम्वन्धी विषयहरू रहेकाछन् ।

**सभामुख महोदय,**

यस समितिले गत आर्थिक वर्षमा सम्पादन गरेका विभिन्न कामहरूमा आधारित वार्षिक प्रतिवेदन सभा समक्ष पेश गर्नु पर्ने व्यवस्था भए बमोजिम यो गरिमामय सभा समक्ष सामाजिक विकास समितिको आर्थिक वर्ष २०७६/०७७ को वार्षिक प्रतिवेदन पेश गर्न गइरहेको व्यहोरा निवेदन गर्दछु।

**सभामुख महोदय,**

यस समितिको पहिलो बैठक २०७५ साल वैशाख १७ बसेको भने आ.व. २०७६/०७७ मा जम्मा ७५ वटा बैठकहरू सम्पन्न भएका थिए । समितिमा प्राप्त भएका विधेयकहरूमध्ये कर्णाली प्रदेश सहकारी विधेयक, प्राङ्गारिक कृषिसम्वन्धी व्यवस्था गर्न बनेको विधेयक, प्रदेशमा खेलकुदको विकास सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, कर्णाली प्रदेश स्वयम्सेवक परिचालन सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, खाद्यअधिकार तथा सम्प्रभुता सुनिश्चित गर्न बनेको विधेयकसहित ५ वटा विधेयकहरू सभाबाट पारित भैसकेका छन् । कर्णाली प्रदेश सामाजिक संघ संस्था सञ्चालन तथा व्यवस्थापन गर्न बनेको विधेयक, २०७४ समितिमा प्राप्त भएकोमा व्यापक छलफल भई अन्तिम चरणमा रहेको अवस्थामा सो विधेयक प्रदेशको क्षेत्राधिकारभित्र नपर्ने देखिन आएकाले सो विधेयकलाई सम्वन्धित मन्त्रालयको स्वीकृतीमा फिर्ता पठाइएको थियो ।

**सभामुख महोदय,**

समितिले विधेयकहरू माथि जनपरामर्श गर्ने, दफावार छलफल गर्ने, र विधेयकलाई परिमार्जन गरी प्रतिवेदनसहित सभामा पेश गर्नुका साथै संसदीय निगरानीका कामहरूपनि प्राथमिकता र महत्वका साथ गर्दै आइरहेको व्यहोरा जानकारी गराउन चाहन्छु ।

**सभामुख महोदय,**

समितिलाई चुस्त दुरूस्त र व्यवस्थित गर्न समितिको बैठक सञ्चालन कक्षमा अति आवश्यक साधन स्रोतको यथोचित व्यवस्थापन, आवश्यक बजेटको व्यवस्था, माननीय सदस्यज्यूहरू, सचिवालयका कर्मचारीहरूको समयानुकूल क्षमता अभिबृद्धि लगायत सम्वन्धित विषयमा प्रशिक्षणको व्यवस्था गर्नु पर्ने, समितिको बैठकलाई प्रत्यक्ष अभिलेखीकरण गर्न विषयगत दक्ष जनशक्तिको व्यवस्था गर्नु पर्ने, विधेयक लगायत अन्य विविध विषयमा विज्ञहरुको राय, सल्लाह लिनको लागि विज्ञहरूको व्यवस्था गर्नु पर्ने देखिएको छ ।

**सभामुख महोदय,**

समितिलाई अझ प्रभावकारी र व्यवस्थित रुपमा सञ्चालन गर्नको लागि समितिको वार्षिक कार्ययोजना तयार गरी कामहरू गर्दै आइरहेको जानकारी गराउन चाहन्छु । वार्षिक कार्ययोजनालाई कार्यान्वयन गर्ने क्रममा समितिको सचिवालयमा बजेटको व्यवस्था हुन नसक्दा स-साना कुराहरूमा पनि सचिवालयमा लिनु पर्ने भएका कारण थप समस्या सृजना भैरहेका छन् । यस्ता समस्याहरूलाई समाधान गर्न समिति सचिवालयको आफ्नै बजेट भएमा समितिको कामकारवाही अझ प्रभावकारी हुने थियो । त्यस्तै समितिमा कार्यरत कर्मचारी र मर्यादापालकहरूलाई कार्यालय समयका अतिरिक्त समय बैठक बस्दाको समयमा काम गरे बापत नियमानुसार उचित प्रोत्साहनको ब्यबस्था गर्नु पर्ने अवश्यकता देखिएको व्यहोरा सभामुखज्यूमार्फत यस सम्मानित सभा समक्ष जानकारी गराउन चाहन्छु ।

**सभामुख महोदय,**

अन्तमा, समितिको कार्य सम्पादनमा निरन्तर सहयोग पुऱ्याउनु हुने माननीय सभामुखज्यू, माननीय उप-सभामुखज्यू, समितिका सम्पूर्ण माननीय सदस्यज्यूहरूलाई आभारसहित हार्दिक धन्यवाद दिन चाहन्छु ।

त्यस्तै समितिलाई विभिन्न तरिकाले सहयोग पुऱ्याउनु हुने कर्णाली प्रदेश सभाका सचिव, सामाजिक विकास समितिका सचिव लगायत सचिवालयमा कार्यरत कर्मचारीहरू, मर्यादापालकहरू एवम् समितिको कार्यक्षेत्र भित्रका मन्त्रालय/आयोग/सचिवालय, विषय विज्ञहरू, सञ्चारकर्मी, विभिन्न राष्ट्रिय/अन्तर्राष्ट्रिय दातृ संघ-संस्थाहरू, नागरिक समाज लगायत जनसमुदायमा समितिको तर्फबाट आभारसहित हार्दिक धन्यवाद दिन चाहन्छु ।

**सभामुख महोदय,**

कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १५७ बमोजिम आर्थिक वर्ष २०७६/०७७ को सामाजिक विकास समितिको वार्षिक प्रतिवेदन माननीय सभामुखज्यूमार्फत यस सभामा पेश गर्दछु ।

धन्यवाद ।

देवी ओली
अध्यक्ष
सामाजिक विकास समिति

**प्रदेश सभा**

**कर्णाली प्रदेश**

# सामाजिक विकास समितिको

## वार्षिक प्रतिवेदन, २०७६/०७७

### १. परिचयः

लोकतान्त्रिक शासन व्यवस्थामा राज्य शक्तिको स्रोत जनता हुने र जनतामा निहित सार्वभौम सत्ताको प्रयोग जनप्रतिनिधिहरूद्वारा गरिन्छ । संसदीय शासन प्रणालीमा संसदको भूमिकालाई प्रभावकारी बनाई नियमित तथा आकस्मिक कार्यहरूलाई निरन्तर अगाडि बढाउन संसदका सदस्यहरू मध्येबाट तोकिएका सदस्यहरू रहने गरी विभिन्न संसदीय समितिहरू गठन गरिन्छन् ।

संसदीय समितिले संसदका गतिविधिहरूलाई सरल तथा छिटोछरितो तुल्याउने एवम् सरकारलाई संसदप्रति जिम्मेवार तथा जवाफदेही बनाउने कार्यमा सहजता प्रदान गर्ने हुँदा यसलाई लघु संसद (Mini Parliament) पनि भन्ने गरिन्छ । कर्णाली प्रदेश, प्रदेश सभा नियमावलीको परिच्छेद १९ को नियम १४५ मा ४ वटा विषयगत समिति रहने व्यवस्था रहेको छ । ती विषयगत समितिहरूमध्ये सामाजिक विकास समिति प्रदेश सभाको एउटा महत्वपूर्ण समिति हो ।

प्रदेश सभाबाट समितिमा आएका विधेयकहरूलाई परिमार्जन गरी परिस्कृत गर्नका साथै प्रदेश सभाका अन्य कार्यहरूलाई व्यवस्थित र प्रभावकारी रुपमा सम्पादन गर्न, प्रदेशका काम कारवाहीप्रति प्रदेश सभाका सदस्यलाई जागरुक, जिम्मेवार तुल्याउन र प्रदेश सरकारलाई जनताप्रति उत्तरदायी बनाउन, राज्यका हरेक नागरिकलाई शिक्षित र स्वस्थ बनाउन सके विकास र सामाजिक रुपान्तरणमा सघाउ पुग्ने हुँदा सो सन्दर्भमा यो समितिको महत्वपूर्ण भूमिका रहन्छ ।

### २. समितिको गठन प्रक्रियाः

सभामुखद्वारा मनोनयन भएका माननीय सदस्यहरू र सदस्यहरूले आफूमध्ये छानेको अध्यक्ष समेतबाट समिति गठन हुन्छ । यस समितिको स्थापनादेखि २०७७ असार २७ गतेसम्म जेष्ठ सदस्यले अध्यक्षता गर्दै आउनु भएको थियो भने मिति २०७७ असार २८ गते निर्वाचन भइ अध्यक्ष चयन भएको थियो । सभामुखद्वारा सदस्यहरू मनोनयन भएपछि सभाद्वारा यसको अनुमोदन गरिन्छ । सदस्यहरूको मनोनयन गर्दा सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलको सदस्य संख्या, महिला, दलित, आदिवासी/जनजाति, खस, आर्य मधेसी, थारू, मुस्लीम, पिछडिएको क्षेत्र, अल्पसंख्यक समुदायसमेतको प्रतिनिधित्व गराउनु पर्ने प्रावधान प्रदेश सभा नियमावली २०७४ ले गरेको छ ।

समितिमा देहाय बमोजिम ८ जना माननीय सदस्यहरू रहनु भएको छ ।

मा० राजु नेपाली — अध्यक्ष (समितिको सुरूवातदेखि मिति २०७७ असार २७ गतेसम्म)

मा० देवी ओली — अध्यक्ष (मिति २०७७ असार २८ गतेबाट)

मा० कृष्णा शाह (आचार्य) — सदस्य

| | |
|---|---|
| मा० कौशिलावती खत्री | सदस्य |
| मा० पद्मा खड्का | सदस्य |
| मा० ठम्मर बहादुर विष्ट | सदस्य |
| मा० यज्ञबहादुर वि.सी. | सदस्य |
| मा० रातो कामी | सदस्य |
| मा० शुसिल कुमार थापा | सदस्य |

## ३. समितिको काम, कर्तव्य र अधिकार

समितिको काम संशोधनको सूचना परी सभाबाट समितिमा आएका विधेयकहरूलाई संशोधनसहित परिमार्जन, सुधार गरी परिस्कृत गर्नुका साथै सरकारलाई प्रदेश सभाप्रति जिम्मेवार तुल्याउनु र समितिको कार्यक्षेत्र भित्रका सरकारका विगत र वर्तमानका विभिन्न काम कारवाहीहरूको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन र सल्लाह प्रदान गर्नु हो । यसको अतिरिक्त समितिका काम, कर्तव्य र क्षेत्राधिकार निम्नबमोजम रहेका छन् ।

(१) आफ्नो कार्यक्षेत्र भित्र पर्ने मन्त्रालय, आयोग र निकायसंग सम्बन्धित विधेयकहरूमा दफावार छलफल गरि सोको प्रतिबेदन प्रदेश सभामा पेश गर्ने ।

(२) मन्त्रालय अन्तर्गतका निकायको नीति तथा कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन र अरू यस्तै क्रियाकलापको मूल्याङ्कन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र समुचित टिप्पणी, सिफारिस र निर्देशनसहितको वार्षिक प्रतिवेदन बैठकमा पेश गर्ने ।

(३) मन्त्रीले सरकारको तर्फबाट बैठकमा समय-समयमा दिएका आश्वासनलाई पूरा गर्न कर्णाली प्रदेश सरकारद्वारा के कस्ता कदम उठाइएका छन् सो सम्वन्धमा अध्ययन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र बैठकमा प्रतिवेदन पेश गर्ने ।

(४) सभाद्वारा प्रत्यायोजित अधिकार अन्तर्गत बनाइएको नियमहरू संविधान, सम्बन्धित ऐन, प्रचलित कानूनबमोजिम बनेको छ छैन र सरकारद्वारा प्रचलित ऐन, नियम अनुसार काम भए गरेको छ वा छैन भन्ने विषयमा मूल्याङ्कन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने ।

(५) मन्त्रालय र मन्त्रालय मातहतका कार्यालय/निकायबाट सम्पादन भएका कामको अनुगमन तथा मूल्याङ्कन गरी सो सम्वन्धमा आवश्यक निर्देशन दिने ।

(६) बैठकले सुम्पेको अन्य काम गर्ने ।

(७) समितिको सिफारिसमा सभामुखबाट अनुमोदित बजेट र कार्यक्रमको अधिनमा रही आफ्नो कार्यक्रम सञ्चालन गर्ने ।

## ४. समितिको कार्य क्षेत्रः

सामाजिक विकास समितिको क्षेत्रभित्र सामाजिक विकास मन्त्रालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, श्रम, सामाजिक न्याय र मानव अधिकारसम्वन्धी क्षेत्राधिकार रहेको छ ।

जुन निम्न बमोजिम मन्त्रालयहरू र सो अन्तर्गतका निर्देशनालय, कार्यालय तथा निकायहरू पर्दछन् जसको कार्य विवरण देहाय अनुसार रहेको छ :

### क. सामाजिक विकास मन्त्रालय र अन्य निकायहरूः

| सि.नं. | कार्य जिम्मेवारीहरू |
|---|---|
| १ | प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षासम्वन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| २ | शैक्षिक परामर्श सेवाको मापदण्ड निर्धारण, अनुमति तथा नियमन |
| ३ | प्रदेशस्तरमा पुस्तकालय, संग्रहालय, अभिलेखालयसम्वन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| ४ | प्रादेशिक शिक्षा, प्राविधिक तथा व्यवसायिक तालिम र छात्रवृत्तिसम्वन्धी नीति, कानून तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन तथा पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्यसामग्री निर्माण, उत्पादन र वितरण |
| ५ | प्रदेशस्तरको मानव संसाधनको आवश्यकता प्रक्षेपण तथा शैक्षिक योजना निर्माण र कार्यान्वयन |
| ६ | प्रदेशस्तरमा विद्यालय तहको शिक्षकको सेवा शर्त, योग्यता, क्षमता र शिक्षक व्यवस्थापनको मापदण्ड निर्धारण र नियमन |
| ७ | माध्यमिक तहको परीक्षा व्यवस्थापन |
| ८ | प्रदेशस्तरमा प्राज्ञिक अनुसन्धान तथा शैक्षिक तथ्याङ्क व्यवस्थापन |
| ९ | स्वास्थ्यसेवा तथा पोषणसम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| १० | प्रदेशस्तरमा आवश्यक पर्ने प्रर्वद्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा पुर्नस्थापनात्मक स्वास्थ्य सेवाको व्यवस्थापन |
| ११ | स्वास्थ्य सेवासम्वन्धी प्रदेशस्तरीय प्राज्ञिक, व्यवसायिक र पेसागत संघ संस्थाको दर्ता, सञ्चालन अनुमति र नियमन |
| १२ | प्रदेशस्तरीय स्वास्थ्य सेवाको गुणस्तर निर्धारण, अनुगमन र नियमन |
| १३ | राष्ट्रिय मापदण्ड बमोजिम औषधिजन्य तथा स्वास्थ्य प्रविधिसम्वन्धी सामग्रीको उत्पादन तथा संचय, अधिकतम खुद्रा मूल्य निर्धारण, अन्तिम बिसर्जन, गुणस्तर तथा मापदण्ड निर्धारण र त्यस्ता सामग्री उत्पादन गर्ने उद्योगको दर्ता, सञ्चालन, अनुमति र नियमन |
| १४ | राष्ट्रिय मापदण्ड अनुरुप अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र, उपचार केन्द्र र अन्य स्वास्थ्य संस्था तथा प्रयोगशालाको दर्ता, सञ्चालन, अनुमति र नियमन |
| १५ | खानेपानी, ध्वनि र हावाको गुणस्तर अनुगमन तथा लेखाजोखाको ढाँचा निर्माण एवं गुणस्तरको मापदण्ड निर्धारण र कार्यान्वयन |

| सि.नं. | कार्य जिम्मेवारीहरू |
|---|---|
| १६ | राष्ट्रिय मापदण्ड बमोजिम स्वास्थ्य बीमा लगायतका सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमको व्यवस्थापन तथा नियमन |
| १७ | प्रदेशस्तरीय स्वास्थ्य क्षेत्रको मानव स्रोत विकास र व्यवस्थापन |
| १८ | औषधी निगरानी (Pharmacy vigilance), औषधिको उचित प्रयोग र सुक्ष्म जीव निरोधक प्रतिरोध (Antimicrobial Resistance) न्युनीकरण |
| १९ | खोप र परिवार नियोजन |
| २० | संवेदनशील औषधी तथा अन्य स्वास्थ्य सामग्री खरीद तथा आपूर्ति व्यवस्थापन |
| २१ | प्रदेशस्तरमा स्वास्थ्य सेवासम्बन्धी अध्ययन तथा अनुसन्धान तथा सूचना प्रणाली, स्वास्थ्यलेखा पद्धतिको संस्थागत व्यवस्थापन, सूचना प्रवाह |
| २२ | प्रदेशस्तरीय जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स) व्यवस्थापन |
| २३ | स्वास्थ्य क्षेत्रमा आपतकालीन अवस्था, विपद् र महामारी व्यवस्थापन, आकस्मिक स्वास्थ्य सेवा प्रवाह, आपतकालीन अवस्थाका लागि औषधी तथा औषधीजन्य सामग्रीको प्रादेशिक बफरस्टक व्यवस्थापन |
| २४ | सरूवा तथा नसर्ने रोग नियन्त्रण तथा रोकथाम |
| २५ | राष्ट्रिय मापदण्ड अनुरुप स्वास्थ्य सेवासम्वन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन |
| २६ | स्वास्थ्यजन्य फोहोर व्यवस्थापन सम्वन्धी मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन |
| २७ | आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका अन्य प्रचलित परम्परागत स्वास्थ्य उपचार सेवासम्वन्धी प्रदेशस्तरीय मापदण्ड निर्धारण, कार्यान्वयन, अनुगमन र नियमन |
| २८ | प्रदेशस्तरको खानेपानी सरसफाइ तथा स्वच्छता सम्बन्धी प्रदेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयन, सेवाको शुल्क निर्धारण, योजना, आयोजना कार्यान्वयन तथा सञ्चालन, सम्भार र नियमन |
| २९ | खानेपानी तथा सरसफाइ सेवा विस्तारमा निजी क्षेत्रको सहभागीता प्रवर्द्धनसम्बन्धी नीति तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| ३० | सर्वसाधारणलाई स्वच्छ खानेपानीको उपलब्धता र खानेपानी, सरसफाइ तथा स्वच्छतामा पिछडिएका वर्गको पहुँच सुनिश्चितता |
| ३१ | जनसंख्या, बसाइसराई र परिवार नियोजन सम्बन्धी प्रादेशिक नीति, कानून तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, अध्ययन तथा अनुसन्धान, सूचना प्रणालीको स्थापना र सञ्चालन, क्षमता अभिवृद्धि र राष्ट्रिय संस्थाहरूसँगको सम्पर्क र समन्वय |
| ३२ | महिला हकसम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| ३३ | लैङ्गिक हिंसा, मानव बेचबिखन तथा ओसार पसार सम्वन्धी नीति तथा कार्ययोजना तर्जुमा र कार्यान्वयन तथा अन्तराष्ट्रिय सन्धि, सम्झौता र प्रतिवद्धताको कार्यान्वयन, निरोधात्मक र संरक्षणात्मक उपाय र पुनर्स्थापना |
| ३४ | महिला सशक्तिकरण तथा लैङ्गिक समानता सम्बन्धी अध्ययन, अनुसन्धान |
| ३५ | लैंगिक उत्तरदायी वजेट र लैङ्गिक परीक्षण |

| सि.नं. | कार्य जिम्मेवारीहरू |
|---|---|
| ३६ | बालबालिकाको हकहित संरक्षणसम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, अध्ययन, अनुसन्धान, बालमैत्री शासकीय प्रवन्ध र सेवा प्रवाह, बाल उद्धार कोष व्यवस्थापन र बाल सुधार तथा पुनर्स्थापना |
| ३७ | प्रदेशस्तरमा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्त, बालबालिकार महिलासम्बन्धी कार्यहरूको अनुगमन तथा मूल्याङ्कन |
| ३८ | समाज कल्याण र संघ सस्थासम्वन्धी कार्यहरूको अनुगमन तथा मूल्याङ्कन |
| ३९ | युवा सम्बन्धी प्रादेशिक नीति, कानून तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, युवा वैज्ञानिक प्रोत्साहन |
| ४० | खेलकूद सम्वन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन, खेलकूद तथा खेलकूद पूर्वाधारको विकास र प्रवर्द्धन |
| ४१ | खेलकूद प्रशासन र संघ संस्थाको समन्वय र नियमन |
| ४२ | राष्ट्रिय र प्रादेशिक खेलकूद प्रतियोगिता तथा कार्यक्रम आयोजना र सहभागीता |
| ४३ | लोपोन्मुख, सीमान्तकृत, गरिब, जेष्ठ नागरिक लक्षित आवाससम्बन्धी नीति, मापदण्ड तथा योजना तर्जुमा र कार्यान्वयन |
| ४४ | सामाजिक सुरक्षासम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको निर्माण तथा कार्यान्वयन, कोष व्यवस्थापन, नियमन, राष्ट्रिय र प्रादेशिक निकाय तथा संघ संस्थासँग सम्पर्क, समन्वय र सहकार्य |
| ४५ | प्रदेशभित्र रोजगारी प्रवर्द्धनसम्बन्धी नीति, योजना, कार्यक्रम तथा मापदण्ड तर्जुमा तथा कार्यान्वयन र स्थानीय सरकारसंग समन्वय |
| ४६ | विश्व सम्पदा सूचीमा परेका स्मारक र पुरातात्विक महत्वका स्थलसम्बन्धी |
| ४७ | भाषा, लिपि संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोगसम्वन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| ४८ | ऐतिहासिक, धार्मिक, साँस्कृतिक एवं कला र वास्तु कलात्मक दृष्टिकोणले महत्व बोकेका प्रादेशिकस्तरका दरवारहरूको संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान तथा व्यवस्थापन |
| ४९ | प्रादेशिकस्तरमा संग्रहालयको स्थापना, सञ्चालन तथा व्यवस्थापन |
| ५० | प्रदेशस्तरका पुरातात्विक महत्वका स्थल, ऐतिहासिक र धार्मिक सांस्कृतिक सम्पदा, प्राचिन स्मारक, संग्रहालय, सास्कृतिक धरोहरसम्वन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन एवम् संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान, उत्खनन तथा पुर्ननिर्माण |
| ५१ | धर्म, परम्परा र गुठी अन्तर्गत चलिआएका विभिन्न जात्रा, पर्वहरूको सञ्चालन र व्यवस्थापन |
| ५२ | संस्कृतिको विकाससम्वन्धी नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन |
| ५३ | रोजगार प्रवर्द्धनसम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| ५४ | श्रमिक एवं श्रमिकको सामाजिक सुरक्षा तथा ट्रेड युनियनसम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र नियमन |
| ५५ | श्रमशक्ति, श्रम बजारसम्बन्धी अध्ययन, अनुसन्धान र श्रमशक्ति योजना |
| ५६ | औद्योगिक विवाद समाधान, श्रम सम्बन्धमा सुधार र न्यायिक निरुपण |
| ५७ | कार्यस्थल सुरक्षा, कारखाना निरीक्षण तथा नियमन |

## ख. भूमिव्यवस्था, कृषि तथा सहकारीमन्त्रालय

| सि.नं. | कार्य जिम्मेवारीहरू |
|---|---|
| १ | कृषि, पशु विकास तथा खाद्य पोषणसम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| २ | कृषि तथा पशुपक्षीजन्य रोग, कीरा एवं महामारी नियन्त्रण |
| ३ | कृषि औद्योगिकीकरण र पशुपंक्षी उद्योग व्यवसायको विकास तथा प्रबर्द्धन |
| ४ | कृषि तथा पशु यान्त्रिकीकरण र उन्नत औजार विकास तथा विस्तार |
| ५ | कृषि तथा पशुरोग निदान प्रयोगशाला व्यवस्थापन र नियमन |
| ६ | कृषि उपज, कृषिजन्य बस्तु, पशुपक्षी, पशुपक्षीजन्य पदार्थ र पशु उत्पादन सामग्री तथा वीउ बिजन एवम् नक्ष्लसम्बन्धी सेवा र प्रविधिको गुणस्तर निर्धारण, सम्बद्धता निर्धारण, स्तरीयकरण, प्रमाणीकरण र नियमन |
| ७ | प्रादेशिक खाद्य सुरक्षा, खाद्य अधिकार, खाद्य सम्प्रभूता र खाद्य गुणस्तर |
| ८ | कृषि तथा पशुपक्षी एवं खाद्य प्रविधिसम्वन्धी अध्ययन, अनुसन्धान एवम् विकास तथा प्रवर्द्धन, तथ्याङ्क प्रणालीको व्यवस्थापन र स्रोत संरक्षण |
| ९ | कृषि मल, बिऊ र बिषादी आपूर्तिव्यवस्था र नियमन |
| १० | कृषि प्रसार, कृषक तालिम तथा क्षमता विकास र सशक्तिकरण |
| ११ | कृषि उपजको न्यूनतम समर्थन मूल्य कार्यान्वयन |
| १२ | कृषि तथा पशुपक्षी बीमासम्वन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयन |
| १३ | कृषि बजार, पूर्वाधार र कृषि फार्म केन्द्रहरूको विकास, विस्तार तथा सञ्चालन |
| १४ | राष्ट्रिय नीति र मापदण्ड बमोजिम पाराभेटको दर्ता, अनुमति, नवीकरण, खारेजी र नियमन |
| १५ | सामुहिक खेती तथा कृषि करार खेतीको कार्यान्वयन र प्रबर्द्धन |
| १६ | चरन तथा खर्कसम्बन्धी प्रादेशिक नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन |
| १७ | कृषिजन्य र पशुपक्षीजन्य औषधि, बिषादी र सूक्ष्म पोषणतत्वयुक्त बस्तुको उपयोग र व्यवस्थापन सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमार कार्यान्वयन तथा उत्पादन, उपयोग र बिक्री वितरणको अनुमति, अनुगमन र नियमन |
| १८ | भूमि व्यवस्थापन, भूमि प्रशासन र जग्गा नापजाँच, भूमिसुधार, भू-उपयोग तथा चक्लाबन्दी सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको तर्जुमा, कार्यान्वयन र नियमन |
| १९ | निजी, सरकारी तथा सार्वजनिक जग्गाको प्रादेशिक अभिलेख व्यवस्थापन |
| २० | जग्गा दर्ता, रजिष्ट्रेशन, जग्गाधनी प्रमाण पूर्जा, दाखिल खारेज, स्वामित्व हस्तान्तरण सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा र कार्यान्वयन |
| २१ | संघीय सरकारबाट प्राप्त हुने नक्सा, भौगोलिक सूचना र अभिलेख तथा प्रदेशभित्रको नाप नक्सा र अभिलेखको व्यवस्थापन |

| सि.नं. | कार्य जिम्मेवारीहरू |
|---|---|
| २२ | नाप नक्साका नियन्त्रण विन्दुहरूको सञ्जाल स्थापना |
| २३ | क्रमबद्ध कित्ता नापी र भूमि लगतसम्वन्धी मापदण्ड र कार्यान्वयन |
| २४ | भूमिहीन, सुकुम्वासी, दलित, मुक्त कमैया, हलिया, हरवा चरवा आदि वर्गको बसोबास, जीविको पार्जन र पुनर्स्थापना सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| २५ | सरकारी जग्गा भाडामा दिने सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| २६ | सुरक्षित बसोवास र जग्गा एकीकरणसम्बन्धी नीति कार्यान्वयन |
| २७ | गुठीतथा गुठी जग्गा व्यवस्थापनसम्बन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा गुठी तथा गुठी जग्गाको संरक्षण, अभिलेख व्यवस्थापन र संघीय तथा स्थानीय तहसँग समन्वय |
| २८ | गरिवी निवारणसम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड एवम् योजनाको तर्जुमा, कार्यान्वयन र नियमन तथा अध्ययन, अनुसन्धान, सर्वेक्षण, सूचना संकलन, गरिब घरपरिवार पहिचान, सामाजिक सुरक्षा र संरक्षण |
| २९ | सहकारी संस्था, सहकारी संघ तथा सहकारी बैंकसम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको तर्जुमा र कार्यान्वयन, सञ्चालन अनुमति, नियमन, तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान |
| ३० | सहकारी बचत तथा ऋण परिचालनसम्बन्धी प्रादेशिक मापदण्ड निर्धारण र नियमन |
| ३१ | सहकारी सम्बन्धमा संघीय, अन्तर प्रादेशिक र स्थानीय तहका संघ संस्थासँग समन्वय र सहकार्य |
| ३२ | सहकारी क्षेत्रको विकास तथा प्रवर्द्धन, क्षमता अभिवृद्धि र परिचालन |
| ३३ | "जलचर तथा जलीय जीवको संरक्षण, व्यवस्थापन, दिगो उपयोगिता र सोबाट प्राप्त लाभांशको समन्यायीक बितरणसम्बन्धी नीति, ऐन, नियम, मापदण्ड, योजना तर्जुमा र नियमन" |

## ५. समितिले आ.व.२०७६/०७७ मा गरेका कामकारवाही तथा निर्णयहरूः

समितिको गठन यता २०७७ असार मसान्तसम्म जम्मा ७५ वटा बैठक सम्पन्न भएका छन् । जसमध्ये आ.व. २०७४/०७५ मा समिति स्थापना भए पश्चात मिति २०७५ वैशाख १७ गते र मिति २०७५ आषाढ २० गते गरी २ वटा बैठक बसेको थियो भने आ.व. २०७५/०७६ मा बैठक संख्या ३ देखि ३० सम्म र आ.व. २०७६/०७७ मा बैठक संख्या ३१ देखि ७५ सम्म गरी जम्मा ४५ वटा बैठकहरू सम्पन्न भएका छन् । समितिको यस अवधिमा भएका बैठकहरू, बैठकले गरेका निर्णयहरू र समितिले गरेका काम कारवाहीहरू निम्नानुसार रहेका छन्:

| क्र.सं. | बैठक संख्या | मिति | काम कारवाहीहरू/निर्णयहरू |
|---|---|---|---|
| १ | ३१ | २०७६/०४/१३ | १. प्राङ्गारिक कृषिसम्वन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथिको दफाबार छलफल समाप्त भयो । |

| क.सं. | बैठक संख्या | मिति | काम कारवाहीहरू/निर्णयहरू |
|---|---|---|---|
| | | | २. उक्त विधेयकलाई अन्तिमरुप दिनका लागि भोलि मिति २०७६/०४/१४ गते समितिको बैठक बस्ने निर्णय गरियो । |
| २ | ३२ | २०७६/०४/१४ | १. प्राङ्गारिक कृषिसम्वन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि समितिबाट पारित संशोधनसहितको प्रतिवेदन माननीय सभामुखज्यू समक्ष पेश गर्ने निर्णय गरियो । |
| ३ | ३३ | २०७६/०४/१५ | १. कर्णाली प्रदेश स्वयम्सेवक परिचालन सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि छलफल सुरू भयो ।<br>२. उक्त विधेयकको मूल प्रति पूर्णरुपमा प्राप्त नभएकाले सो प्राप्त गर्न सामाजिक विकास मन्त्रालयमा पत्राचार गर्ने निर्णय गरियो ।<br>३. विधेयकमाथि संसोधनकर्ता माननीयज्यूहरूलाई सम्पर्क गरी बोलाउने निर्णय गरियो ।<br>४. समितिको अर्को बैठक संशोधनकर्ता माननीयज्यू र अध्यक्षज्यूसँगको छलफलबाट तय गर्ने निर्णय गरियो । |
| ४ | ३४ | २०७६/०४/१६ | १. कर्णाली प्रदेश स्वयम्सेवक परिचालन सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि संशोधन दर्ता गराउनु भएका सबै माननीयज्यूहरूलाई एकैपटक समितिको बैठकमा बोलाउने निर्णय गरियो ।<br>२. सामाजिक विकास मन्त्रालय र भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले आ.व. २०७५/०७६ मा सम्पन्न गरेका योजनाहरूको विवरण माग गर्ने निर्णय गरियो । |
| ५ | ३५ | २०७६/०५/०१ | १. प्राङ्गारिक कृषिसम्वन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि व्यापक छलफल भई समितिबाट संशोधनसहित पारित भएको सोको प्रतिवेदन माननीय सभामुखज्यू समक्ष आज मिति २०७५/०५/०१ गते पेश गर्ने निर्णय गरियो । |
| ६ | ३६ | २०७६/०५/०८ | १. समितिको बैठक बस्न माननीय सदस्यहरूको गणपूरक संख्या नपुगेकोले बैठक स्थगित भयो । |
| ७ | ३७ | २०७६/०५/०९ | १. कर्णाली प्रदेश स्वयम्सेवक परिचालन सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि परेको संशोधन र दफाबार छलफल व्यापक रुपमा भयो । |
| ८ | ३८ | २०७६/०५/१० | १. कर्णाली प्रदेश स्वयम्सेवक परिचालन सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि छलफल भयो । |
| ९ | ३९ | २०७६/०५/१३ | १. कर्णाली प्रदेश स्वयम्सेवक परिचालन सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि बृहत छलफल भयो । |

| क.सं. | बैठक संख्या | मिति | काम कारवाहीहरू/निर्णयहरू |
|---|---|---|---|
| १० | ४० | २०७६/०५/१४ | १. कर्णाली प्रदेश स्वयम्सेवक परिचालन सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि थप छलफल भयो । |
| ११ | ४१ | २०७६/०५/१५ | १. कर्णाली प्रदेश स्वयम्सेवक परिचालन सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि थप छलफल भयो ।<br>२. सामाजिक संघसंस्था सञ्चालन तथा व्यवस्थापन विधेयक, २०७४ लाई सभामा फिर्ता पठाउने विषयमा मिति २०७५ चैत्र १८ गतेको समितिको बैठकमा निर्णय भए अनुसार सोको प्रतिवेदन सभा समक्ष पेश गर्ने निर्णय गरियो । |
| १२ | ४२ | २०७६/०५/१७ | १. कर्णाली प्रदेश स्वयम्सेवक परिचालन सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि व्यापक छलफल भई समितिबाट सर्वसम्मत संशोधनसहित पारित भएकाले सोको प्रतिवेदन माननीय सभामुखज्यू समक्ष पेश गर्ने निर्णय भयो ।<br>२. प्रदेश खेलकूदको विकास सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि छलफल सुरू गर्ने निर्णय भयो ।<br>३. यस समितिको क्षेत्राधिकार भित्र पर्ने मन्त्रालयहरूको गत आ.व. २०७५/०७६ मा भए गरेका कामहरूको जिल्ला तथा निर्वाचन क्षेत्रगत विवरण माग गर्ने र उक्त विवरण सम्वन्धित मन्त्रीज्यूले समितिमा जानकारी गराउनका लागि लेखि पठाउने निर्णय भयो ।<br>४. सामाजिक विकास समितिको अर्को बैठक मिति २०७६ साल भाद्र २३ गते बिहान ८ बजे बस्ने निर्णय भयो । |
| १३ | ४३ | २०७६/०५/२३ (विहान ८ बजे) | १. प्रदेशमा खेलकूदको विकास सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि थप छलफल भयो । |
| १४ | ४४ | २०७६/०५/२३ (दिउँसो १ बजे) | १. प्रदेशमा खेलकूदको विकास सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि परेको संशोधनका विषयमा र विधेयकको दफा—दफामा व्यापक रुपमा छलफल भयो । |
| १५ | ४५ | २०७६/०५/२५ | १. प्रदेशमा खेलकूदको विकास सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि परेको संशोधनका विषयमा र विधेयकको दफा—दफाहरूमा छलफल गर्ने कार्य समाप्त भयो । |
| १६ | ४६ | २०७६/०५/२७ | १. प्रदेशमा खेलकूदको विकास सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ संशोधनसहित पारित भएको प्रतिवेदन माननीय सभामुखज्यूमार्फत सभा समक्ष पेश गर्ने निर्णय गरियो ।<br>२. यस समितिबाट सामाजिक विकास मन्त्रालय र भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट आ.व. |

| क.सं. | बैठक संख्या | मिति | काम कारवाहीहरू/निर्णयहरू |
|---|---|---|---|
| | | | २०७५/०७६ मा भए गरेका कामहरूको अनुगमनको लागि हुम्ला र डोल्पा जिल्लामा जाने निर्णय गरियो । |
| १७ | ४७ | २०७६/०५/३० | २. खाद्य उत्पादन, अधिकार तथा सम्प्रभूता सुनिश्चित गर्न बनेको विधेयक,२०७५माथि प्रारम्भिक छलफल सुरू भयो । |
| १८ | ४८ | २०७६/०६/०७ | १. मिति २०७६ साल असोज ९ गते बिहान ८ बजे भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय/मातहतको निकायहरूबाट वितरित अनुदानबाट वीरेन्द्रनर—१, ढोडेखालीमा सञ्चालित भैंसी फार्मको सम्वन्धित मन्त्रालयका कर्मचारीसहित अनुगमन गर्ने निर्णय गरियो ।<br>२. मिति २०७६ साल असोज १० गते विहान १० बजेदेखि अमरज्योति माध्यमिक विद्यालय, नेवारे र करेखोला नलखोला कृषि सडकको अनुगमन गर्ने ।<br>३. मिति २०७६ साल असोज १३ गते प्रदेश अस्पताल र आयुर्वेद अस्पतालको अनुमगन गर्ने निर्णय गरियो । |
| १९ | ४९ | २०७६/०६/२७ | १. प्रदेशमा स्वास्थ्य सेवा प्रवाह सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ यस समितिमा प्राप्त भएको विषयमा जानकारी भयो ।<br>२. सृजनशील कृषक समूह वीरेन्द्रनगर नगरपालिका वडा नं. १, सुर्खेत अमरज्योति नमूना मा.वि. नेवारे र करेखोला नलखोला कृषि सडक कार्यक्रमको गत आ.व. २०७५/०७६ को विस्तृत विवरण र सो सम्वन्धमा रकम भुक्तानी भएका सम्पूर्ण कागजातको फोटोकपी प्रमाणित गरी उलब्ध गराउन सम्वन्धित मन्त्रालयमा पत्राचार गर्ने निर्णय गरियो ।<br>३. सुर्खेत जिल्लाका भेरी गंगा नपा, बराहताल गापा र गुर्वाकोट नपामा र दैलेख जिल्लाका सम्पूर्ण गापा र नपाको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र सामाजिक विकास मन्त्रालय वा निकायहरूबाट आ.व. २०७५/०७६ मा सञ्चालन भएको कार्यक्रमहरूको विवरण माग गर्ने निर्णय गरियो ।<br>४. यस समितिबाट अनुगमनमा जाँदा सम्वन्धित मन्त्रालयका प्राविधिक कर्मचारीलाई पनि सँगै लैजाने निर्णय गरियो ।<br>५. अनुगमनमा जाँदा पत्रकार महासंघ सुर्खेत शाखामा पत्राचार गरी पत्रकारलाई पनि सँगै लैजाने निर्णय भयो ।<br>६. समितिको अर्को बैठक २०७६ असोज ३० गते बिहान ८ बजे बस्ने निर्णय गरियो । |

| क.सं. | बैठक संख्या | मिति | काम कारवाहीहरू/निर्णयहरू |
|---|---|---|---|
| २० | ५० | २०७६/०७/१८ | १. मिति २०७६ कार्तिक १९ गते विहान ८ बजे भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय/मातहतको कार्यालयबाट अनुदान प्राप्त गरेका निम्नलिखित संस्थाहरूमा अनुगमन गर्ने निर्णय गरियोः<br>क) हातेमालो कृषि तथा पशु सहकारी संस्था लि. बराहताल—८, सुर्खेत ।<br>ख) जनज्योति कृषि तथा पशुपालन सहकारी संस्था लि. बराहताल—८, सुर्खेत ।<br>ग) सुन्द्धारी दुग्ध उत्पादन तथा वितरण कृषक समूह, बराहताल—५, सुर्खेत ।<br>२. प्रदेश सभाबाट यस समितिमा पठाइएको खाद्य उत्पादन, अधिकार तथा सम्प्रभूता सुनिश्चित गर्न बनेको विधेयक, २०७५ माथि अन्तरक्रिया तथा सुझाव संकलन कार्यक्रम मिति २०७६ साल कार्तिक २९ गते डोल्पा जिल्लाको सदरमुकाम दुनैमा गर्ने निर्णय गरियो । |
| २१ | ५१ | २०७६/०८/०३ | १. मिति २०७६ कार्तिक २९ गते डोल्पा जिल्लाको दुनैमा खाद्य उत्पादन, अधिकार तथा सम्प्रभूता सुनिश्चित गर्न बनेको विधेयक, २०७५माथि राय, सुझाव संकलन तथा अन्तरक्रिया कार्यक्रम सफलतापूर्वक सम्पन्न भएकोमा सरोकारवाला सबैलाई धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।<br>२. उक्त कार्यक्रमको सम्वन्धमा बृहत् समीक्षा हुनुको साथै प्राप्त भएका राय, सुझावका सम्वन्धमा व्यापक छलफल भयो । |
| २२ | ५२ | २०७६/०८/१५ | १. खाद्य उत्पादन, अधिकार तथा सम्प्रभूता सुनिश्चित गर्न बनेको विधेयक, २०७५माथि जनपरामर्श तथा सुझाव संकलनका लागि कहाँ, कहिले जाने भन्ने विषयमा समिति सचिवले अध्यक्षज्यूसँग परामर्श गरी कार्यक्रम तय गर्ने निर्णय गरियो ।<br>२. संसदीय अनुगमनको कामलाई अझ तीव्रता दिनका लागि सुर्खेत जिल्लाभन्दा बाहिरका जिल्लामा गई अनुगमन गर्नुपर्ने देखिएकोले सोको लागि आवश्यक व्यवस्थापन गर्ने निर्णय गरियो । |
| २३ | ५३ | २०७६/०९/२९ | १. समितिको बैठक बस्न माननीय सदस्यहरूको गणपूरक संख्या नपुगेकोले बैठक स्थगित भयो । |
| २४ | ५४ | २०७६/१०/०२ | १. यस समितिमा विचाराधिन रहेको खाद्य उत्पादन, अधिकार तथा सम्प्रभूता सुनिश्चित गर्न बनेको विधेयक, २०७५माथि अन्तरक्रिया, जनपरामर्श तथा सुझाव संकलनका लागि |

| क.सं. | बैठक संख्या | मिति | काम कारवाहीहरू/निर्णयहरू |
|---|---|---|---|
| | | | २०७६ साल माघ १३ गते मुगु जिल्लाको सदरमुकाम गमगढीमा कार्यक्रम गर्ने निर्णय गरियो ।<br>२. उक्त कार्यक्रमको लागि आवश्यक सम्पूर्ण तयारीका लागि समिति सचिवालयलाई निर्देशन दिने निर्णय गरियो । |
| २५ | ५५ | २०७६/१०/२६ | १. मिति २०७६ माघ १३ गते मुगु जिल्लाको गमगढीमा खाद्य उत्पादन, अधिकार तथा सम्प्रभूता सुनिश्चित गर्न बनेको विधेयक, २०७५ माथि जनपरामर्श अन्तरगत राय, सुझाव संकलन तथा अन्तरक्रिया कार्यक्रम सफलतापूर्वक सम्पन्न भएकोमा सरोकारवाला सम्पूर्णमा धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।<br>२. उक्त कार्यक्रमको सम्वन्धमा बृहत छलफलसहित समीक्षा हुनुको साथै प्राप्त भएका राय, सुझावका सम्वन्धमा व्यापक छलफल भयो ।<br>३. प्रत्यायोजित अधिकार अन्तरगत बनेका विनियम, नियम, निर्देशिका, कार्यविधिहालसम्म के कति बनेका छन् सोको सफ्टकपीसहित एक/एक प्रति प्रमाणित प्रतिलिपि माग गर्ने निर्णय गरियो ।<br>४. मन्त्रालयबाट चालु आ.व. २०७६/०७७ को हालसम्मको प्रगति विवरण माग गर्ने निर्णय गरियो ।<br>५. मिति २०७६ माघ २७ गते बिहान ८ बजे समितिको बैठक बस्ने र सो बैठकमा समितिले हालसम्म गरेको संसदीय अनुगमनको प्रतिवेदन तयार गर्ने निर्णय भयो । |
| २६ | ५६ | २०७६/१०/२७ | १. यस समितिबाट विभिन्न मितिमा सुर्खेत जिल्लाका विभिन्न स्थान र मुगु जिल्लाको सदरमुकाममा गरेको संसदीय निगरानी/अनुगमनको क्रममा देखिएका विषयवस्तुहरू समेटेर तयार गरिएको प्रतिवेदनमा व्यापक छलफल भयो । उक्त प्रतिवेदनलाई थप अध्यनन गरी अर्को बैठकमा पारित गर्ने निर्णय गरियो ।<br>२. खाद्य उत्पादन, अधिकार तथा सम्प्रभूता सुनिश्चित गर्न बनेको विधेयक, २०७५ माथि छलफल भयो । |
| २७ | ५७ | २०७६/१०/२९ | १. समितिले तयार पारेको संसदीय अनुगमनको प्रतिवेदनमाथि थप छलफल गरियो ।<br>२. खाद्य उत्पादन, अधिकार तथा सम्प्रभूता सुनिश्चित गर्न बनेको विधेयक, २०७५ माथि छलफल भयो । |
| २८ | ५८ | २०७६/११/१९ | १. खाद्य उत्पादन अधिकार तथा सम्प्रभूता सुनिश्चित गर्न बनेको विधेयक, २०७५ माथि दफावार छलफल भयो । मिति |

| क्र.सं. | बैठक संख्या | मिति | काम कारवाहीहरू/निर्णयहरू |
|---|---|---|---|
| | | | २०७६ फागुन २० गते बिहान ८ बजे पुनः छलफल गर्ने गरी आजको बैठक स्थगित भयो । |
| २९ | ५९ | २०७६/११/२० | १. खाद्य उत्पादन अधिकार तथा सम्प्रभूता सुनिश्चित गर्न बनेको विधेयक, २०७५ माथि वृहत रुपमा दफावार छलफल भयो । भोलि मिति २०७६ फागुन २१ गते बेलुका फेरी बस्ने गरी स्थगित भयो । |
| ३० | ६० | २०७६/११/२१ | १. खाद्य उत्पादन अधिकार तथा सम्प्रभूता सुनिश्चित गर्न बनेको विधेयक, २०७५ उपर संसोधनकर्ता मानीयज्यू, सम्वन्धित मन्त्रीज्यू, सचिवज्यूसहितको बैठकबाट व्यापक रुपमा दफावार छलफल भइ संशोधनसहित पारित भयो । |
| ३१ | ६१ | २०७६/११/२५ | १. बैठक बस्न माननीय सदस्यहरूको गणपूरक संख्या अपुग भएकाले बैठक बस्न नसकी स्थगित भयो । |
| ३२ | ६२ | २०७६/११/२८ | १. खाद्य उत्पादन अधिकार तथा सम्प्रभूता सुनिश्चित गर्न बनेको विधेयक, २०७५ मा संशोधनसहित पारित भएको प्रतिवेदन माननीय सभामुखज्यू मार्फत सभामा पेश गर्ने निर्णय गरियो ।<br>२. यस समितिको कार्यक्षेत्रभित्र पर्ने मन्त्रालयहरूले गत आ.व. २०७५/०७६ र चालु आ.व. २०७६/०७७ को दोस्रो चौमासिक अवधिको योजना कार्यान्वयन के कस्तो भएको छ भन्ने विषयमा तपसिलमा उल्लेखित जिल्लाहरूमा अनुगमनमा जाने निर्णय गरियो ।<br>**तपसिलः**<br>(क) दैलेख, मितिः २०७६ चैत्र ४ गते ।<br>(ख) जाजरकोट, मिति २०७६ चैत्र ८ गते ।<br>३. यस समितिमा प्राप्त भएको प्रदेशमा स्वास्थ्य सेवा प्रवाह गर्न बनेको विधेयक, २०७६ माथि भिडियो कन्फरेन्सको प्रयोग गरी जाजरकोट जिल्लामा रहनु भएका सरोकारवालाहरूसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम तपसिलको मिति, समय र स्थानमा गर्ने निर्णय गरियो ।<br>**तपसिल**<br>(क) मितिः २०७६ चैत्र ७ गते ।<br>(ख) समयः विहान ११ बजेदेखि ।<br>(ग) स्थानः जिल्ला समन्वय समितिको सभाहल, जाजरकोट । |
| ३३ | ६३ | २०७७/०२/१७ | १. प्रदेशमा स्वास्थ्य सेवा प्रवाह सम्वन्धमा व्यवस्था गर्न बनेको |

| क्र.सं. | बैठक संख्या | मिति | काम कारवाहीहरू/निर्णयहरू |
|---|---|---|---|
| | | | विधेयक, २०७६ का सन्दर्भमा समितिका माननीय सदस्यज्यूहरू, संशोधनकर्ता माननीयज्यूहरू र विषय विज्ञहरू डा. विपिन अधिकारी र डा. पदमबहादुर चन्दसँग प्राविधिको प्रयोग गरी छलफल गरियो । |
| ३४ | ६४ | २०७७/०२/२३ | १. प्रदेशमा स्वास्थ्य सेवा प्रवाह सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ का सन्दर्भमा विषय विज्ञहरू, वरिष्ठ चिकित्सकहरू, स्वास्थ्य क्षेत्रमा क्रियाशील संघसंस्था र स्वास्थ्यकर्मीहरू, सञ्चारकर्मी तथा कानून व्यवसायी लगायत अन्य सरोकावालाहरूसँग प्रविधिको प्रयोग गरी विधेयकमा भएका प्रावधानका सम्वन्धमा जानकारी दिने र विधेयकलाई अझ थप प्रभावकारी बनाउनका लागि राय, सुझाव संकलन (जनपरामर्श) गर्ने कार्यक्रम सम्पन्न भयो । कार्यक्रम सम्पन्न पश्चात् बसेको बैठकबाट सहभागी सबैमा धन्यवाद ज्ञापन गर्ने निर्णय भयो । |
| ३५ | ६५ | २०७७/०२/२५ | १. प्रदेशमा स्वास्थ्य सेवा प्रवाह सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ माथि छलफल भयो । |
| ३६ | ६६ | २०७७/०२/२६ | १. प्रदेशमा स्वास्थ्य सेवा प्रवाह सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ माथि छलफल पश्चात् संशोधनकर्ता माननीयज्यू र विधेयक टेवुल गर्नु भएका माननीय मन्त्रीज्यूलाई आमन्त्रण गरी विधेयक माथि परेको संशोधनसहित छलफल गर्ने निर्णय भयो ।<br>२. मिति २०७७ साल जेठ २७ गते बिहान ८:०० बजे बस्ने समितिको बैठकमा माननीय सामाजिक विकास मन्त्रीज्यूलाई बोलाई नोवेल कोरोना भाइरस (COVID-19) का सन्दर्भमा मन्त्रालयबाट हालसम्म भए गरेका कामकारवाही र सो सम्वन्धमा मन्त्रालयको आगामी रणनीति लगायतका विषयमा जानकारी लिने निर्णय भयो । |
| ३७ | ६७ | २०७७/०२/२७ | १. सामाजिक विकास मन्त्री मा. दल रावलसँग नोवेल कोरोना भाइरस (कोभिड–१९) महामारी नियन्त्रणका लागि सामाजिक विकास मन्त्रालयबाट हालसम्म भए, गरेका काम कारवाही, उपलब्धी र सो सम्वन्धमा मन्त्रालयको तयारी, आगामी रणनीति लगायतका विषयमा छलफल भई यस विषयमा मन्त्रालयलाई थप आवश्यक तयारीका लागि निर्देशन दिइयो । |
| ३८ | ६८ | २०७७/०२/२९ | १. प्रदेशमा स्वास्थ्य सेवा प्रवाह सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ का सम्वन्धमा गरिएको जनपरामर्श |

| क्र.सं. | बैठक संख्या | मिति | काम कारवाहीहरू/निर्णयहरू |
|---|---|---|---|
| | | | कार्यक्रम (विद्युतीय प्रविधि) बाट प्राप्त भएका राय, सुझावका सम्वन्धमा व्यापक छलफल भयो ।<br>२. नोवेल कोरोना भाइरस (COVID-19) महामारीका सम्वन्धमा के कस्ता प्रवर्धनात्मक कार्यक्रम गर्न सकिन्छ, कर्णाली प्रदेशको हकमा त्यसको व्यवस्थान, निरूपण र रोकथामको सम्वन्धमा WHO का विज्ञहरूसँग छलफल कार्यक्रमको आयोजना गर्ने । |
| ३९ | ६९ | २०७७/०३/०८ | १. प्रदेशमा स्वास्थ्य सेवा प्रवाह सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ मा संशोधनकर्ता माननीयज्यूहरूसँग विधेयकमा परेका संशोधनहरूका विषयमा व्यापक छलफल भयो ।<br>२. समितिको अर्को बैठक मिति २०७७ साल असार ९ गते मंगलवार विहान ८:०० बजे बस्ने निर्णय भयो । |
| ४० | ७० | २०७७/०३/०९ | १. प्रदेशमा स्वास्थ्य सेव प्रवाह सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ माथि प्रविधिमा जोडिएर गरिएको जनपरामर्श कार्यक्रममा विषय विज्ञहरू, जनपरामर्श कार्यक्रममा सहभागी सरोकारवालाहरू, कानून व्यवसायीहरूसँग भएको छलफलबाट प्राप्त भएका सुझावहरूका सम्वन्धमा सामाजिक विकास मन्त्रीज्यू र सामाजिक विकास मन्त्रालयका सचिव, निर्देशक लगायतका कर्मचारीहरूसँग छलफल भयो । |
| ४१ | ७१ | २०७७/०३/१७ | १. प्रदेशमा स्वास्थ्य सेवा प्रवाह सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ को प्रारम्भिक प्रतिवेदनमाथि छलफल भयो ।<br>२. समितिको आ.व. २०७६/०७७ को वार्षिक प्रतिवेदन लेखन सम्वन्धमा प्रारम्भीक छलफल भयो ।<br>३. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट प्राप्त भएको "कृषि विकास कार्यक्रम सञ्चालन तथा खर्च मापदण्ड निर्देशिका, २०७७" को ड्राफ्ट माथि छलफल भयो । |
| ४२ | ७२ | २०७७/०३/२३ | १. प्रदेशमा स्वास्थ्य सेवा प्रवाह सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६को दफा ११ को उपदफा ४ मा सरकारी स्वास्थ्य संस्थाको प्रभावकारी रुपमा सञ्चालन गर्न एक व्यवस्थापन समिति रहनेछ भन्ने विषय मात्र उल्लेख छ ।यस व्यवस्थापन (विकास) समितिको गठन, काम, कर्तव्य र अधिकारका विषय विधेयकमा थप गर्दा उपयुक्त हुनेदेखि सोको प्रयोजनका लागि थप गर्ने विषयवस्तुमाथि (सम्वन्धित |


| क.सं. | बैठक संख्या | मिति | काम कारवाहीहरू/निर्णयहरू |
|---|---|---|---|
| | | | मन्त्रालयले गरेको ड्राफ्टमा) छलफल भयो । |
| ४३ | ७३ | २०७७/०३/२४ | १. प्रदेशमा स्वास्थ्य सेवा प्रवाह सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६को दफा ११ को उपदफा ४ पछि विकास समितिको गठन, काम, कर्तव्य र अधिकारका विषयमा विधेयकमा थप गर्दा उपयुक्त हुनेदेखि मन्त्रालयबाट प्राप्त भएको मस्यौदामा छलफल गरी निम्न दफाहरू (परिच्छेद ३ दफा १२, १३, १४ र १५) थप गर्ने विषयमा छलफल भयो । |
| ४४ | ७४ | २०७७/०३/२८ (दिउँसो १:०० बजे) | १. यस समितिमा प्रदेशसभाबाट सदस्य हेरफेर भई आउनु भएका प्रदेशसभा सदस्य माननीय देवी ओलीज्यूलाई समितिमा स्वागत गरियो ।<br>१. माननीय सुशील कुमार थापा प्रस्तावक र माननीय रातो कामी समर्थक रहनु भई माननीय देवी ओलीज्यूलाई अध्यक्ष पदमा निर्वाचित गरियोस् भन्ने प्रस्तावको एउटा मात्र सूचना प्राप्त हुन आएकाले बैठकको अध्यक्षता गर्नु भएका समितिका जेष्ठ सदस्य माननीय यज्ञबहादुर वि.सी.ले माननीय देवी ओलीज्यूलाई सामाजिक विकास समितिको अध्यक्ष पदमा निर्विरोध निर्वाचित हुनु भएको घोषणा गर्नु भयो ।<br>२. समितिका सबै माननीय सदस्यहरूले अध्यक्ष पदमा निर्विरोध निर्वाचित हुनु भएका माननीय देवी ओलीज्यूलाई बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्नु भयो । |
| ४५ | ७५ | २०७७/०३/२८ (दिउँसो ५:०० बजे) | १. सामाजिक विकास समितिको अध्यक्ष पदमा निर्वाचित माननीय देवी ओलीज्यूले सभामुखज्यूबाट सपथ ग्रहण गर्नु भयो । सो पश्चात समिति सचिवालयमा स्वागत गरियो र पदभार ग्रहण गर्नुभयो।<br>२. माननीय अध्यक्ष देवी ओलीज्यूले सामाजिक विकास समितिको अध्यक्ष पदमा निर्विरोध निर्वाचित गर्नु भएकोमा समितिका माननीय सदस्यहरूलाई धन्यवाद दिनुभयो ।<br>३. यस समितिका तत्कालिन अध्यक्ष माननीय राजु नेपालीले समितिमा पुऱ्याउनु भएको योगदानलाई सम्मान गर्दै धन्यवाद ज्ञापन गरियो ।<br>४. अध्यक्षज्यूले सामाजिक विकास समितिको हालसम्मको कामकारवाही र भावी कार्यक्रमहरू बारे जानकारी लिनु भयो । |

**कोभिड–१९ को कारणले विश्वव्यापि रुपमा सृजना गरेको महामारीको प्रभावले समितिका सबै माननीय सदस्यहरू एकैठाउँमा बसी समितिको बैठक बस्न सक्ने अवस्था नभएको र समितिको बैठक बस्नु पर्ने आवश्यकता भएको हुँदा सामाजिक विकास समितिको भर्चुअल (विद्युतीय माध्यमबाट) बैठक बसी समितिका कार्यहरू अगाडि बढाउने काम भएको थियो । उक्त भर्चुअल बैठकका निर्णयहरू तपसिल अनुसार रहेको छः**

| क्र.सं. | बैठक संख्या | मिति | काम कारवाहीहरू/निर्णयहरू |
|---|---|---|---|
| १ | १ | २०७७/०१/२४ | १. समितिको आजको भर्चुअल (विद्युतीय माध्यम) बैठकमा निम्नानुसारको निर्णय भयोः<br>(क) समितिमा विचाराधिन रहेको प्रदेशमा स्वास्थ्य सेवा प्रवाह गर्न बनेको विधेयक, २०७६ मा विज्ञसँग परामर्श गर्ने । यसका लागि अध्यक्ष र समिति सचिवालयलाई पहल गर्ने जिम्मा दिने ।<br>(ख) Covid-19 का सम्वन्धमा विषयगत मन्त्रालयका माननीय मन्त्रीज्यूहरूसँग अर्को बैठकमा छलफल गर्ने ।<br>(ग) प्रत्यायोजित विधानका सम्वन्धमा छलफल भयो । |
| २ | २ | २०७७/०१/२८ | आजको समितिको भर्चुअल (विद्युतीय माध्यम) बैठकमा निम्न बमोजिम छलफल भयो ।<br>१. आजको बैठकमा सामाजिक विकास मन्त्री माननीय दल रावलज्यूले समय उपलब्ध गराउनु भएकोमा उहाँ आकस्मिक रुपमा स्वास्थ्य सामग्री लिएर जुल्ला जानु भएकाले उहाँसँग तय गरिएको छलफल हुन सकेन ।<br>२. वर्तमान परिवेशका सन्दर्भमा विविध विषयमा छलफल भयो ।<br>३. बैठकबाट सामाजिक विकास मन्त्रालय र भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयका माननीय मन्त्रीज्यूहरूसँग अर्को बैठकमा छलफल गर्ने निर्णय गरियो । |
| ३ | ३ | २०७७/०१/२८ | समितिको आज बसेको भर्चुअल बैठकबाट सम्वन्धित मन्त्रालयलाई तपसिल बमोजिम निर्देशन दिने निर्णय भयो ।<br>तपसिल<br>१. कर्णाली प्रदेशमा कुल ग्राहस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान करिब ३३ प्रतिशत रहेको र जीवनयापनको प्रमुख स्रोत पनि कृषि नै रहेकाले यस प्रदेशलाई कृषिमा आत्मनिर्भर बनाउन आगामी आ.व. २०७७/०७८ को बजेटमा कृषि क्षेत्रलाई प्रयाप्त मात्रामा बजेट बिनियोजन गर्नुपर्ने ।<br>२. विश्वव्यापि महामारीका रूपमा फैलिएको कोभिड–१९ बाट यस प्रदेशको कृषि र सोको अर्थतन्त्रमा पर्ने प्रभावलाई अवसरको रूपमा लिई आगामी आ.व.को नीति, कार्यक्रम तथा बजेटलाई सोतर्फ केन्द्रित गर्नुपर्ने ।<br>३. किसानहरूलाई बीउ, मल, कृषि औजार उपकरण लगायतको अभाव हुन नदिन आपूर्ति तथा वितरणलाई सर्वसुलभ तथा |

| क्र.सं. | बैठक संख्या | मिति | काम कारवाहीहरू/निर्णयहरू |
|---|---|---|---|
| | | | प्रभावकारी बनाउन नीति तथा योजना तर्जुमा गर्नुपर्ने र सोको कार्यान्वयनका लागि कृषि सहकारी मार्फत कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने ।<br>४. कोभिड–१९ को कारणले समग्र प्रदेश नै लकडाउन हुन गई समयमा नै किसानहरूले बाली लगाउन र भित्र्याउन नसकेको कारण कृषिमा गम्भीर असर पर्न गई खाद्य संकट तथा भोकमरीको समस्या आउने खतरा देखिएकाले यस्ता समस्याको समाधानका लागि आवश्यक व्यवस्था गर्नुपर्ने ।<br>५. बैदेशिक रोजगारीका शिलशिलामा भारतलगायत अन्य मुलुकमा गएका नागरिकहरू रोजगारी गुमाएर स्वदेश फर्कनु पर्ने बाध्यतालाई ध्यानमा राखी उनीहरूलाई स्वदेशमा नै रोजगारी सृजना गर्न कृषि र रोजगारीलाई जोड्ने गरी स्वरोजगारमूलक स्पष्ट योजना तथा कार्यक्रम ल्याउनु पर्ने ।<br>६. कोभिड–१९ बाट कृषि क्षेत्रमा पर्न गएको असर र त्यसले पार्ने प्रभावको गम्भिर समीक्षा गरी त्यसबाट सबैभन्दा बढी प्रभावित क्षेत्र र किसानहरूको विवरण संकलन गरी के कस्तो क्षतिपूर्ती, राहत तथा अनुदानको व्यवस्था गर्न सकिन्छ, त्यसको बारेमा स्थानीय तहसँग समन्वय गरी आवश्यक पहल गर्नुपर्ने । |
| ४ | ४ | २०७७/०१/३१ | समितिको आज बसेको भर्चुअल बैठकबाट कोरोना भाइरस (कोभिड–१९) ले पारेको प्रभाव, यसले हाम्रो प्रदेशमा पार्न सक्ने जोखिम आदिका विषयमा माननीय मन्त्री दल रावलसँग व्यापक छलफल भयो, छलफलमा समितिका माननीय सदस्यज्यूहरूले तपसिल बमोजिमको सुझाव दिनुभएको छ ।<br>तपसिल<br>१. विश्वव्यापि महामारीका रूपमा फैलिएको कोभिड–१९ लगायत अन्य रोगहरूलाई ध्यान दिई प्रदेशभर स्वास्थ्यका संरचनाहरूको स्तरोन्नती गर्न आगामी बजेटमा व्यवस्था गर्ने ।<br>२. प्रदेश अस्पताल र जिल्ला अस्पतालहरूमा प्रयाप्त मात्रामा औषधि, स्वास्थ्यकर्मी र मेशिन उपकरणको व्यवस्था गर्ने ।<br>३. प्रदेश भर कोरोना भाइरस (कोभिड–१९) को पिसिआर विधिबाट परीक्षण गर्न प्रयाप्त मात्रामा कीटको प्रवन्ध मिलाउने ।<br>४. प्रदेश भित्रिने नाकाहरूमा व्यवस्थित क्वारेन्टाइनको निर्माण गर्ने र त्यसको प्रयोगमा जोड दिने ।<br>५. कर्णाली प्रदेशलाई कोभिड–१९ मुक्त बनाइ राख्न अधिकतम् प्रयास गर्ने । |

६. **समितिको प्रथम बैठकदेखि २०७७ असारमसान्तसम्म (जम्मा बैठक संख्या ७५) समितिको बैठकमा माननीयज्यूहरूको उपस्थिति अवस्थाः**




*(यो ग्राफमा अध्यक्ष माननीय देवी ओलीज्यूको उपस्थिति समावेश गरिएको छैन ।)*

७. **समितिमा दफावार छलफल भई पारित भएका विधेयकहरू**

- कर्णाली प्रदेश सहकारी विधेयक, २०७५
- प्राङ्गारिक कृषिसम्वन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७५
- प्रदेशमा खेलकूदको विकास सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५
- कर्णाली प्रदेश स्वयम्सेवक परिचालन सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५
- खाद्यअधिकार तथा सम्प्रभूता सुनिश्चित गर्न बनेको विधेयक, २०७५
- कर्णाली प्रदेश सामाजिक संघ संस्था सञ्चालन तथा व्यवस्थापन विधेयक, २०७४ सभाबाट यस समितिमा प्राप्त भएकोमा व्यापक छलफल भई अन्तिम चरणमा रहेको अवस्थामा सो विधेयक प्रदेशको क्षेत्राधिकारभित्र नपर्ने देखिन आएकाले सो विधेयकलाई सम्वन्धित मन्त्रालयको स्वीकृतिमा फिर्ता पठाइएको ।

## ८. समितिमा विचाराधिन विधेयकः

- प्रदेशमा स्वास्थ्य सेवा प्रवाह सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ (दफावार छलफल सम्पन्न भई प्रतिवेदन अन्तिमको तयारी भैरहेको)

## ९. समितिले सञ्चालन गरेका केही कार्यक्रमः

१. मिति २०७६ साल असोज ९ गते बिहान ८ बजे भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय/मातहतको निकायबाट वितरित अनुदानबाट वीरेन्द्रनर–१, ढोडेखालीमा सञ्चालित भैंसी फार्मको सम्वन्धित मन्त्रालयका कर्मचारीसहित अनुगमन गरेको थियो ।

२. मिति २०७६ साल असोज १० गते विहान १० बजेदेखि अमरज्योती माध्यमिक विद्यालय, नेवारे र करेखोला नलखोला कृषि सडकको अनुगमन गरेको थियो ।

३. मिति २०७६ साल असोज १३ गते प्रदेश अस्पताल र आयुर्वेद अस्पतालको अनुगमन गरेको थियो ।

४. मिति २०७६ कार्तिक १९ गते भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय/मातहतको कार्यालयबाट अनुदान प्राप्त गरेका निम्नलिखित संस्थाहरूमा संसदीय अनुगमन गरिएको थियो ।

क) हातेमालो कृषि तथा पशु सहकारी संस्था लि. बराहताल–८, सुर्खेत ।

ख) जनज्योति कृषि तथा पशुपालन सहकारी संस्था लि. बराहताल–८, सुर्खेत ।

ग) सुन्द्वारी दुग्ध उत्पादन तथा वितरण कृषक समूह, बराहताल–५, सुर्खेत ।

५. प्रदेश सभाबाट यस समितिमा पठाइएको खाद्य उत्पादन, अधिकार तथा सम्प्रभूता सुनिश्चित गर्न बनेको विधेयक,२०७५माथि अन्तरक्रिया तथा सुझाव संकलन कार्यक्रमको लागि २०७६ साल कार्तिक २९ गते डोल्पा जिल्लाको दुनैमा जनपरामर्श तथा सुझाव संकलन कार्यक्रम सम्पन्न गरिएको थियो ।

६. मिति २०७६ मंसिर १८ गते भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय/मातहतको कार्यालयबाट गएको बजेटबाट निर्मित करेखोला नलखोला कृषि सडकको पुनः अनुगमन गरेको थियो ।

७. मिति २०७६ माघ २ गतेका दिन सामाजिक विकास समितिको टोलीले आ.व. २०७५/०७६ मा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय/मातहतको कार्यालयबाट गएको अनुदानबाट सञ्चालित भैसी फार्म र बधशाला निर्माण सम्वन्धमा गुर्भाकोट गाउँपालिकामा अनुगमन गरेको थियो ।

८. मिति २०७६ माघ १२ गतेका दिन सामाजिक विकास समितिको टोलीले आ.व. २०७५/०७६ मा मुगु जिल्लाको गमगडीमा निर्मित विभिन्न वधस्थल र मासुपसलहरूको अनुगमन गरेको थियो ।

९. प्रदेश सभाबाट यस समितिमा पठाइएको खाद्य उत्पादन, अधिकार तथा सम्प्रभूता सुनिश्चित गर्न बनेको विधेयक, २०७५माथि अन्तरक्रिया तथा सुझाव संकलन कार्यक्रमको लागि २०७६ साल माघ १३ गते मुगु जिल्लाको गमगडीमा जनपरामर्श तथा सुझाव संकलन कार्यक्रम सम्पन्न गरिएको थियो ।

१०. मिति २०७६ माघ २८ गतेका दिन समितिको टोलीले आ.व. २०७५/०७६ मा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय/मातहतको कार्यालयबाट गएको अनुदानबाट सञ्चालित के.पी. व्यवसायी सेवा प्रा.लि.को छाडा चैपाया व्यवस्थित गर्न तयार गरिएको गाई फार्मको अनुगमन गरेको थियो ।

***मिति २०७६ कार्तिक २९ गते खाद्य उत्पादन, अधिकार तथा सम्प्रभूता सुनिश्चित गर्न बनेको विधेयक, २०७६ सम्वन्धी जनपरामर्श कार्यक्रमको स्थलगत भ्रमणको संक्षिप्त विवरण***

कर्णाली प्रदेश सभा सामाजिक विकास समितिबाट मिति २०७६ कार्तिक २९ गते डोल्पा जिल्लाको दुनैमा आयोजित खाद्य उत्पादन, अधिकार तथा सम्प्रभूता सुनिश्चित गर्न बनेको विधेयक, २०७५ उपर जनताको राय तथा परामर्श लिन डोल्पाको दुनैमा खाद्य उत्पादन, अधिकार तथा सम्प्रभूता सुनिश्चित गर्न बनेको विधेयक, २०७५ उपर सुझाव संकलन कार्यक्रम सम्पन्न भएको थियो ।

खाद्य उत्पादन, अधिकार तथा सम्प्रभूता सुनिश्चित गर्ने कार्य सम्पादन गर्न भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले मिति २०७५ चैत्र १ गते "खाद्य उत्पादन, अधिकार तथा सम्प्रभूता सुनिश्चित गर्न बनेको विधेयक, २०७५ "प्रदेश सभा सचिवालयमा दर्ता गराएको थियो । उक्त विधेयक २०७५ चैत्र ५ गते सदनमा टेबुल भई चैत्र १५ गते सैद्धान्तिक छलफल सकिई चैत्र २४ गते सामाजिक विकास समितिमा पठाइएकोमा उक्त विधेयक समितिमा छलफलको क्रममा रहेको हुँदा डोल्पा जिल्लाका विधेयकसँग सम्वन्धित संघसंस्था तथा व्यक्तिहरूबीच उक्त विधेयक उपर परामर्श गर्ने रहेको थियो । यस प्रतिवेदनमा उक्त कार्यक्रममा जिल्लाका अगुवा व्यक्तित्व र कार्यक्रमका सहजकर्ताद्वारा खाद्य उत्पादन, अधिकार तथा सम्प्रभूता सुनिश्चित गर्न बनेको विधेयक, २०७५ का सम्वन्धमा सुझाइएका सुझावहरू समेटी तयार गरिएको छ ।

मिति २०७५ कार्तिक २९ गते डोल्पाको दुनैमा सामाजिक विकास समितिको आयोजना र यूएनडिपीको सहयोगमा खाद्य उत्पादन, अधिकार तथा सम्प्रभूता सुनिश्चित गर्न बनेको विधेयक, २०७५ सम्वन्धी सुझाव संकलन कार्यक्रम संचालन गरिएको थियो । कार्यक्रमको अध्यक्षता कर्णाली प्रदेश सभा सामाजिक विकास समितिका अध्यक्ष माननीय राजु नेपालीले गर्नु भएको थियो । करिब सत्तरी जना सहभागीहरू रहनु भएको कार्यक्रममा सेडा नेपाल डोल्पाका श्री सुकवीर रोकायले विज्ञको रुपमा खाद्य उत्पादन, अधिकार तथा सम्प्रभूता सुनिश्चित गर्न बनेको विधेयक, २०७५ का अन्तर्वस्तुका बारेमा जानकारी गराउनुका साथै विधेयकका बारेमा आफ्नो धारणासहितको कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । विज्ञको कार्यपत्र पश्चात सहभागीहरूलाई विधेयकमा रहेको परिच्छेदका आधारमा तीन समूहमा विभाजन गरी विधेयकका वारेमा छलफल गराई सामूहिक प्रस्तुतिकरण गराईएको थियो ।

उक्त कार्यक्रममा सामाजिक विकास समितिका सदस्य माननीय कृष्णा शाह (आचार्य), माननीय ठम्मरबहादुर विष्ट, माननीय पद्मा खड्का, माननीय यज्ञ बहादुर बि.सी., डोल्पा जिल्लाका जिल्ला समन्वय समितिका प्रमुख शेरबहादुर बुढा, उपप्रमुख नरबहादुर बुढा, त्रिपुरासुन्दरी नगरपालिकाका प्रमुख ओमबहादुर बुढा, प्रमुख जिल्ला अधिकारीज्यू, प्रहरी प्रमुखज्यू, जिल्ला कृषि विकास कार्यालयका प्रमुख, सामाजिक विकास कार्यालयका प्रमुख लगायत जिल्ला स्थित अन्य कार्यालयका प्रमुख तथा प्रतिनिधिहरू, यूनडिपी र डब्लुएफपीका प्रतिनिधि लगायतको आतिथ्यमा कार्यक्रम सम्पन्न भएको थियो ।

***मिति २०७६ माघ १३ गते मुगुको गमगढीमा खाद्य उत्पादन, अधिकार तथा सम्प्रभूता सुनिश्चित गर्न बनेको विधेयक, २०७६ सम्वन्धी जनपरामर्श कार्यक्रमको स्थलगत भ्रमणको संक्षिप्त विवरण***

खाद्य उत्पादन, अधिकार तथा सम्प्रभूता सुनिश्चित गर्ने कार्य सम्पादन गर्न भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले मिति २०७५ चैत्र १ गते "खाद्य उत्पादन, अधिकार तथा सम्प्रभूता सुनिश्चित गर्न बनेको विधेयक, २०७५ "प्रदेश सभा सचिवालयमा दर्ता गराएको थियो । २०७५ चैत्र २४ गते सामाजिक विकास समितिमा पठाइएकोमा उक्त विधेयक समितिमा छलफलको क्रममा रहेको बखत मुगु जिल्लाका विधेयकसँग सम्वन्धित संघसंस्था तथा व्यक्तिहरूबीच उक्त विधेयक उपर परामर्श गर्ने उद्देश्य रहेको थियो । यस प्रतिवेदनमा उक्त कार्यक्रममा जिल्लाका अगुवा व्यक्तित्व र कार्यक्रमका सहजकर्ताद्वारा खाद्य उत्पादन, अधिकार तथा सम्प्रभूता सुनिश्चित गर्न बनेको विधेयक, २०७५ का सम्वन्धमा सुझाइएका सुझावहरू समेटी तयार गरिएको छ ।

मिति २०७५ माघ १३ गते मुगुमा कर्णाली प्रदेश सभा सामाजिक विकास समितिको आयोजना र यूएनडिपी संसद सहयोग परियोजना तथा विश्वखाद्य कार्यक्रम नेपालको सहयोगमा खाद्य उत्पादन, अधिकार तथा सम्प्रभूता सुनिश्चित गर्न बनेको विधेयक, २०७५ सम्वन्धी सुझाव संकलन कार्यक्रम सञ्चालन गरिएको थियो । कार्यक्रमको अध्यक्षता कर्णाली प्रदेश सभा सामाजिक विकास समितिका अध्यक्ष माननीय राजु नेपालीले गर्नु भएको थियो । करिब सतहत्तर जना सहभागीहरू रहनु भएको कार्यक्रममा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका उपसचिव श्री हरिप्रसाद पण्डितले विज्ञको रुपमा खाद्य उत्पादन, अधिकार तथा सम्प्रभूता सुनिश्चित गर्न बनेको विधेयक, २०७५ का अन्तर्वस्तुका बारेमा जानकारी गराउनुका साथै विधेयकका बारेमा आफ्नो धारणा सहितको कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । विज्ञको कार्यपत्र पश्चात सहभागीहरूलाई विधेयकमा रहेको परिच्छेदका आधारमा तीन समूहमा विभाजन गरी विधेयकका वारेमा छलफल गरी सामूहिक प्रस्तुतिकरण गरिएको थियो ।

उक्त कार्यक्रमको भिडियो कन्फ्रेन्स मार्फत मुगु जिल्लामा भएको जनपरामर्श कार्यक्रमको प्रत्यक्ष प्रशारण प्रदेशसभामा रहेको भिडियो कन्फ्रेन्स हलमा देखाइएको थियो । भिडियो कन्फ्रेन्स सिस्टमबाट माननीय सभामुख राजबहादुर शाहीज्यूबाट जनपरामर्श कार्यक्रमको सफलताको शुभकामना व्यक्त गर्नु भएको थियो ।

कार्यक्रममा सामाजिक विकास समितिका सदस्य माननीय कौशिलावती खत्री, माननीय यज्ञबहादुर वि.सी., माननीय रातो कामी, मुगु जिल्लाका जनप्रतिनिधिहरू, नि. जिल्ला समन्वय अधिकारी नि. प्रमुख जिल्ला अधिकारीज्यू, नि. प्रहरी प्रमुखज्यू, जिल्ला कृषि विकास कार्यालयका प्रमुख, सामाजिक विकास कार्यालयका प्रमुखलगायत जिल्ला स्थित अन्य कार्यालयका प्रमुख तथा यूनडिपी र डब्लुएफपीका प्रतिनिधि लगायतको आतिथ्यमा कार्यक्रम सम्पन्न भएको थियो ।

मुगु जिल्लामा रहँदा समिति अध्यक्षज्यू लगायत माननीयज्यूहरूबाट भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट गत आ.व. २०७५/०७६ मा वितरण गरिएको अनुदानबाट भए गरेका कामहरूको अनुगमन सम्पन्न भएको थियो । उक्त अनुगमनबाट छायाँनाथ नगरपालिकाको वडा नम्वर १ र २ मा सञ्चालन भएको कर्णाली एकीकृत महिला विकास मञ्चबाट सञ्चालित मासु पसल, भम्मल बोहोरा मासु पसल र रावत मासु पसल आदीको स्थलगत अवलोकन कार्य सम्पन्न भएको थियो ।

## १०. समितिले भोग्नु परेका समस्या र समाधानका उपायहरू

१. बैठकलाई सहजिकरण गर्न आवश्यक मात्रामा कर्मचारीको अभाव ।

२. बजेटको अभावले समितिको कार्यक्षेत्र संग सम्बन्धित विषयमा स्थलगत अध्यन, अनुगमन गर्न र सरकारलाई दिएका निर्देशन तथा सुझावहरू कार्यान्वयको अबस्था प्रत्यक्ष अबलोकन गर्न नसकिएकोले प्रदेश सरकारबाट आवश्यक बजेटको लागि पहल गर्ने ।

३. मा. सदस्य एवं सचिवालयका कर्मचारीहरूको समयानुकूल क्षमता अभिबृद्धि लगायतका विषयमा अवसरहरू उपलब्ध हुन नसकेको सन्दर्भमा स्वदेश तथा बिदेश भ्रमण तथा प्रशिक्षणको व्यवस्था मिलाउने ।

४. समितिको बैठकमा रेकर्डिंग प्रणाली र प्रत्यक्ष अभिलेखीकरण र सोसम्बन्धी जनशक्तिको अभाव रहेको सन्दर्भमा सचिवालय तथा दातृ निकायको सहयोगसमेतमा समिति सचिवालयलाई आधारभूत सुविधा सम्पन्न तुल्याउने ।

५. समितिका कर्मचारी र मर्यादापालकहरूले विहान बेलुका बैठक बस्दा उनीहरूको उत्साहको लागि सुविधा र भत्ताको व्यवस्था भएमा समितिको कामकारावहीमा अझ बढी प्रभावकारीता हुने ।

## ९. उपसंहार

प्रभावकारी समिति प्रणाली, व्यवस्थापन र सञ्चालनबाट लोकतन्त्रको विकाश हुन्छ भन्नेमा दुईमत छैन । हामीहरू संसदीय अभ्यासमा जुटेको लामो इतिहास नभए पनि समितिका निरन्तर बैठक सञ्चालन, सरकारी कामकारवाहीको अनुगमन र निर्देशन, समितिमा विधेयक माथि दफावार छलफलको क्रममा विधेयकमा संशोधन पेश गर्ने र छलफमा भाग लिने मा. सदस्यहरूको रूची र निरन्तर अभ्यासले समिति प्रणालीको विकास हुनुको साथै यसको महत्व बढिरहेको छ भन्न सकिन्छ । समिति एउटा सामूहिक भावना र सहयोगमा आधारित संस्था भएकोले यसमा सबैको सहयोग, चासो र सक्रियतालाई आगामी दिनमा थप प्रभावकारी बनाउन समितिका पदाधिकारी एवं सदस्य सबैको समान दायित्व बोध हुनु पर्दछ ।

देवी ओली
अध्यक्ष
सामाजिक विकास समिति




"प्रदेशमा स्वास्थ्य सेवा प्रवाह सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६" माथिको संशोधन प्रस्तावमा संशोधनकर्ता माननीयज्यूहरू, सामाजिक विकास मन्त्री माननीय दल रावलज्यू समितिमा छलफल गर्नुहुँदै ।



"खाद्य उत्पादन, अधिकार तथा सम्प्रभूता सुनिश्चित गर्न बनेको विधेयक २०७५" माथिको संशोधन प्रस्तावमा संशोधनकर्ता माननीयज्यूहरू, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय विमला के.सी.ज्यू समितिमा छलफल गर्नुहुँदै ।



"खाद्य उत्पादन, अधिकार तथा सम्प्रभूता सुनिश्चित गर्न बनेको विधेयक २०७५" मा डोल्पा जिल्लाको सदरमुकाम दुनैमा आयोजना गरिएको जनपरामर्श कार्यक्रममा समूह विभाजन गरी छलफल हुँदै ।



"खाद्य उत्पादन, अधिकार तथा सम्प्रभूता सुनिश्चित गर्न बनेको विधेयक २०७५" माथिको संशोधन प्रस्तावमा संशोधनकर्ता माननीयज्यूहरू, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय विमला के.सी.ज्यू, मन्त्रालयका सचिवज्यू समितिमा छलफल गर्नुहुँदै ।



"खाद्य उत्पादन, अधिकार तथा सम्प्रभूता सुनिश्चित गर्न बनेको विधेयक २०७५" मा डोल्पा जिल्लाको सदरमुकाम दुनैमा आयोजना गरिएको जनपरामर्श कार्यक्रममा समूह विभाजन गरी छलफल हुँदै ।



"प्रदेशमा स्वास्थ्य सेवा प्रवाह सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६" माथि समितिका माननीय सदस्यज्यूहरू, संशोधनकर्ता माननीयज्यूहरू र विषय विज्ञहरूसहितको भर्चुअल छलफल कार्यक्रम ।



मुगु जिल्लाको गमगढीमा आयोजित सुझाव संकलन कार्यक्रममा भिडियो कन्फ्रेन्स मार्फत प्रदेश सभा सचिवालय, सुर्खेतबाट सम्बोधन गर्नुहुँदै सभामुख मा० राजबहादुर शाही लगायत माननीय सदस्यहरु ।



"खाद्य उत्पादन, अधिकार तथा सम्प्रभूता सुनिश्चित गर्न बनेको विधेयक २०७५" मा मुगु जिल्लाको सदरमुकाम गमगढीमा आयोजना गरिएको जनपरामर्श कार्यक्रममा सहभागीहरू ।



भूमि व्यवस्था, कृषि तथ सहकारी मन्त्री माननीय बिमला के.सी.ज्यूसँग श्रव्यदृश्य प्रविधिको प्रयोग गरी कोभिड–१९ को कारणबाट सृजना गरेको समस्या र मन्त्रालयबाट चाल्नु पर्ने कदम लगायतका विषयमा समितिका माननीय सदस्यहरूले सुझाव दिनु हुँदै ।



मुगु जिल्लाको गमगढीमा निर्मित विभिन्न वधस्थल तथा मासुपसलहरूको अनुगमन गर्दै समितिका माननीयज्यू र कर्मचारीहरु ।




सामाजिक विकास मन्त्री माननीय दल रावलसँग नोवेल कोरोना भाइरस (कोभिड–१९) महामारी नियन्त्रणका लागि सामाजिक विकास मन्त्रालयबाट भए गरेका कामकारवाही, उपलब्धी र सो सम्वन्धमा मन्त्रालयको तयारी, आगामी रणनीति लगायतका विषयमा छलफल भई मन्त्रालयलाई थप आवश्यक तयारीका लागि निर्देशन दिनुहुँदै ।



प्रदेश आयुर्वेद औषधालयको अनुगमनको क्रममा औषधालय व्यवस्थापन समितिका अध्यक्ष श्री विनोद ढकालज्यूले औषधालयको व्यवस्थापकीय विषयमा जानकारी दिनुहुँदै ।



भूमि व्यवस्था, कृषि तथ सहकारी मन्त्रालयबाट निर्माण गरिएको करेखोला नलखोला कृषि सडकको अनुमगन गर्ने क्रममा सम्वन्धित पक्षबाट जानकारी लिनुहुँदै माननीयज्यूहरू ।



जनज्योती कृषि तथा पशुपालन सहकारी संस्था लि बराहताल-८, सुर्खेतको अनुगमनका क्रममा सम्वन्धित पक्षबाट जानकारी लिनुहुँदै माननीयज्यूहरू



भूमि व्यवस्था, कृषि तथ सहकारी मन्त्रालयबाट वितरण गरिएको अनुदानबाट निर्माण हुँदै गरेको हातेमालो कृषि तथा पशु सहकारी संस्था लि बराहताल-८, सुर्खेतको अनुगमनका क्रममा सम्वन्धित पक्षबाट जानकारी लिनुहुँदै माननीयज्यूहरू ।




माननीय अध्यक्ष देवी ओलीज्यू सामाजिक विकास समितिको अध्यक्ष पदमा निर्विरोध निर्वाचित भए पश्चात् बधाइ तथा कार्यकाल सफलताको शुभकामना दिनुहुँदै माननीयज्यूहरू ।



माननीय अध्यक्ष देवी ओलीज्यू सामाजिक विकास समितिको अध्यक्ष पदमा निर्विरोध निर्वाचित भए पश्चात् यस समितिका निवर्तमान अध्यक्ष माननीय राजु नेपालीलाई हालसम्म समितिमा पुर्‍याउनु भएको योगदानको सम्मान गर्दै धन्यवद ज्ञापन गर्नुहुँदै ।



साझा बिसौनी

SAJHA BISAUNEE DAILY sajha.bisaunee@gmail.com Tuesday, 28 January, 2020 दैनिक

## नागरिकका सुझाव लिन 'भिडियो कन्फ्रेन्स'

• **साझा बिसौनी संवाददाता**
**सुर्खेत, १३ माघ ।**

कर्णाली प्रदेश सभाले भिडियो कन्फ्रेन्समार्फत नागरिकका सुझाव सुन्न थालेको छ । ऐन निर्माण प्रक्रियामा नागरिकलाई पनि सहभागी गराउने उद्देश्यले यस्तो व्यवस्था गरिएको हो ।

कर्णाली प्रदेश सभाको सामाजिक विकास समितिले सोमवार मुगुमा खाद्य सुरक्षा सम्बन्धी विधेयकको छलफल आयोजना गरेको थियो । उक्त छलफलमा नागरिकले कर्णाली प्रदेशका सभामुख राजबहादुर शाही र उप-सभामुख पुष्पा घर्तीसँग प्रत्यक्ष भिडियो कन्फ्रेन्सबाट सुझाव राखेका थिए । प्रदेश सभाको गतिविधि र स्थानीय तहको विषयमा छलफल गर्न कर्णाली प्रदेशमा 'भिडियो कन्फ्रेन्स' सुरु गरिएको सभामुख राजबहादुर शाहीले बताए ।

प्रदेशसभा र प्रदेशभित्रका १० वटै जिल्लाको गतिविधिबारे पारदर्शी रूपमा एकै थलोबाट जानकारी लिने-दिने उद्देश्यले 'भिडियो कन्फ्रेन्स' सञ्चालनमा ल्याइएको उनले बताए । 'संसदीय गतिविधिको विषयमा जानकारी दिन र लिनको लागि यो काम गरिएको हो' उनले भने 'स्थानीय तहका जुनसुकै विषयका गुनासा र सुझाव भिडियो कन्फ्रेन्सबाट संकलन गरिने तयारी भएको छ ।'

समयको बचत र आर्थिक बचत गर्नको लागि समेत यो विधि प्रभावकारी हुने उनले बताए । 'सधैं, सबै व्यक्तिलाई बोलाएर छलफल गर्न सम्भव हुँदैन' उनले भने 'त्यस्तो अवस्थामा भिडियो कन्फ्रेन्समार्फत आवश्यक छलफल गर्न सहज हुनेछ ।' कर्णाली भौगोलिक हिसाबले विकट प्रदेश भएकोले भिडियो कन्फ्रेन्सबाट नागरिकसँग सुझाव लिन र गुनासा सुन्न प्रभावकारी हुने उनले बताए । शाहीले एकै पटकमा धेरै समूह र जिल्लामा पनि कुरा गर्न सकनेगरी प्रविधिको व्यवस्था गरिएको बताए । कार्यालयका अनुसार यूएनडीपीको सहयोगमा कर्णालीमा भिडियो कन्फ्रेन्सका लागि उपकरणहरू जडान गरिएको हो । प्रदेशका दशवटै जिल्लाका जिल्ला समन्वय समितिको हलमा यो प्रविधि जडान गरिएको छ ।